# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

## (Industrial Enterprise Development Institute – IEDI)

# स्टार्टअप कार्यक्रम

२०८१ फागुन ०९ गते | 21 February 2025

इ. उमेश कुमार गुप्ता
कार्यकारी निर्देशक
9851057155 | umeshkg@gmail.com



# राष्ट्रिय स्टार्टअप उद्‌यम नीति –२०८१

# NATIONAL STARTUP ENTERPRISE POLICY - २०८१

# पृष्ठभूमि

नीतिको कार्यान्वयनमार्फत सङ्घ, प्रदेश र स्थानीय तहको आआफ्नो कार्यक्षेत्रमा स्टार्टअप उद्यम अनुकूल वातावरण निर्माण गरी अर्थतन्त्रमा योगदान दिन राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८१ जारी गरिएको।

# दूरदृष्टि

नवप्रवर्तनकारी एवम् सिर्जनशील सोचमार्फत उद्यमशीलता विकास ।

# लक्ष्य

उद्यमशीलताको माध्यमबाट उत्पादन एवम् रोजगारीका अवसर सिर्जना गर्ने ।

# उद्देश्य

- स्टार्टअप पर्यावरणको निर्माण गरी रोजगारी सिर्जनामार्फत उत्पादन वृद्धि गर्नु ।
- स्वदेशी तथा विदेशी लगानीमा स्टार्टअप उद्यमको स्थापना तथा सञ्चालनलाई प्रोत्साहित गर्नु ।
- नवप्रवर्तनमार्फत उद्यमशीलताको विकास गर्न साझेदारी प्रवर्धन गर्नु ।
- स्टार्टअप उद्यमलाई बढावा दिन वित्तीय प्रोत्साहन तथा पहुँच अभिवृद्धि गर्नु।

# रणनीति

- स्टार्टअपको पर्यावरण निर्माणको लागि कानूनी, संस्थागत तथा अन्य आवश्यक पूर्वाधार तयार गर्ने ।
- स्टार्टअपमा आधारित उद्यमशीलता विकास गरी रोजगारी सिर्जनामार्फत उत्पादन वृद्धि गर्ने ।
- स्टार्टअप उद्यमको प्रवर्धनको लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्ने ।

# रणनीति

- स्टार्टअप उद्यमको विकासको लागि तीन तहका सरकार, प्राज्ञिक संस्था तथा निजी क्षेत्रबिच सहकार्य गर्ने ।
- स्टार्टअप उद्यमलाई प्रतिस्पर्धी तथा सबल बनाउन वित्तीय औजारहरूको उपयोग गर्ने ।
- स्टार्टअप उद्यमको विकास गर्न आवश्यक पर्ने स्रोत सुनिश्चितताको लागि छुट्टै कोषको व्यवस्था गर्ने ।

# कार्यनीति

- औद्योगिक व्यवसायसँग सम्बन्धित विद्यमान कानुनहरूलाई स्टार्टअप उद्यम व्यवसायमैत्री हुने गरी संशोधन र नयाँ कानुन तर्जुमा गरिनेछ।
- स्टार्टअप उद्यम व्यवसाय प्रवर्धन गर्न संस्थागत व्यवस्था र आवश्यक पूर्वाधार विकास गरिनेछ।
- स्टार्टअप पर्यावरण निर्माण गर्न उद्यम संवर्धन केन्द्र, गतिप्रदायक कार्यक्रमको सञ्चालन, स्रोत व्यक्ति, प्रशिक्षकको आपूर्ति र क्षमता विकासमा सहजीकरण गरिनेछ।

# कार्यनीति

- स्टार्टअप उद्यमलाई प्रवर्ध गर्न क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा भएका अध्ययन, अनुसन्धान र असल अभ्यासलाई आन्तरिकीकरण गरिनेछ।
- स्टार्टअप उद्यमको प्रवर्धन गरी देशभित्रै रोजगारीका अवसर सिर्जना गरिनेछ।
- स्टार्टअप उद्यम प्रवर्धन गर्न प्रत्यक्ष विदेशी लगानी र गैरआवासीय नेपालीको लगानी आकर्षित गर्नुका साथै यस्ता उद्यमलाई पूँजी बजारमा प्रवेशका लागि सहज गराउन सम्बन्धित कानुनमा परिमार्जन गरिनेछ।

# कार्यनीति

- सङ्घ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, वित्तीय संस्था, विश्वविद्यालय, उद्यम संवर्धन केन्द्रलगायतका संस्थाद्वारा सञ्चालित नवप्रवर्तन कार्यक्रमहरूबिच आपसी समन्वय, सहकार्य र साझेदारी विकास गरिनेछ।

- स्टार्टअप उद्यम प्रवर्धन गर्न कर छुट, बिउ पूँजीको व्यवस्था, सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदान, प्राविधिक सहयोगलगायतका वित्तीय तथा गैरवित्तीय सुविधा उपलआध गराइनेछ।

- स्टार्टअप उद्यम गर्ने उद्यमीहरूलाई वित्तीय सहयोग गर्ने उद्देश्यले "नेपाल स्टार्टअप कोष" नामको एक छुट्टै कोषको व्यवस्था गरिनेछ।

# संस्थागत व्यवस्था

- नेपाल स्टार्टअप परिषद्,
- नेपाल स्टार्टअप परिषद्सम्बन्धी अन्य व्यवस्था,
- नेपाल स्टार्टअप परिषद्को काम, कर्तव्य र अधिकार,
- नेपाल स्टार्टअप बोर्ड,
- नेपाल स्टार्टअप बोर्डको काम, कर्तव्य र अधिकार,

# स्टार्टअपसम्बन्धी शब्दावलीको परिभाषा

**स्टार्टअप उद्यम :** वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रुपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम भनिन्छ। स्टार्टअप उद्यमले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसायसमेतलाई जनाउँछ।

# स्टार्टअपसम्बन्धी शब्दावलीको परिभाषा

स्टार्टअप उद्यमका देहायबमोजिमका विशेषता हुन्छन् :

- उद्यम व्यवसाय दर्ता भई **दस वर्ष** ननाघेको ।
- प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था **उद्योगको रूपमा दर्ता गर्ने** निकायमा दर्ता भएको ।
- स्थापना भएपछिको कुनै आर्थिक वर्षमा **वार्षिक कारोबार पन्ध्र करोड ननाघेको ।**
- विगतको उद्यम व्यवसायसँग नगाभिइ वा नटुक्रिइ नयाँ उद्यम व्यवसाय गरेको ।
- **नवीन एवम् सिर्जनशील** सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी **तीव्र वृद्धिको सम्भावना** भएको ।

# नेपाल सरकारबाट आ.व. २०८०/८१ मा भएका प्रयासहरू

(क) राष्ट्रिय **स्टार्टअप नीति** २०८१ स्वीकृत,

(ख) स्टार्टअपहरुलाई विज्ञ एवम् प्राविधिक सेवा उपलब्ध गराउन **उद्यम सम्बर्धन केन्द्र** (बिजनेस इन्क्युवेशन सेन्टर) सञ्चालनमा ल्याउने कानूनी व्यवस्था गरेको,

(ग) औद्योगिक व्यसाय ऐन २०७६ मा संशोधन गरी **स्टार्टअप उद्यमको दर्ता र स्टार्टअपलाई सुविधा** उपलब्ध गराउने व्यवस्था ,

# नेपाल सरकारबाट आ.व. २०८०/८१ मा भएका प्रयासहरू

(घ) स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८० ,

(ङ) स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ ,


(च) उद्यम संवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ ,

# स्टार्टअप कार्यक्रम

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | गत आ.व. मा स्टार्टअप कर्जा प्राप्त गर्ने उद्यम | १६५ (१८३) |
| २. | स्टार्टअप कर्जा प्रवाह रकम | रु.२१ करोड ६३ लाख |
| ३. | चालु आ.व. को लागि स्टार्टअप कार्यक्रममा विनियोजन | १ अर्ब |
| ४. | बिजनेस इन्क्युवेसन सेन्टर | १ वटा |
| ५. | चालु आ.व. मा स्थापना हुने बिजनेस इन्क्युवेसन सेन्टर | ६ वटा |

# स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कार्यविधि स्वीकृत - २०८१ श्रावण ३० गते
- कार्यान्वयनका लागि प्रतिष्ठानलाई पत्र प्राप्त - २०८१ भाद्र ६ गते



स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०४/३०

**प्रस्तावनाः** नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी कार्यलाई सरल, स्पष्ट र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले दफा ४ बमोजिमको योग्यता पुगेका उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १३ बमोजिम प्रदान गरिने स्टार्टअप कर्जा सम्झनु पर्छ।

(ग) "क्रेडिट अप्राइजल" भन्नाले कर्जा सुवीधाको लागि आवेदन गरेको कुनै उद्यमीको बैंकबाट वित्तीय स्थिति र ऋणको योग्यता मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनु पर्छ ।

(ङ) "बैङ्क" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको सरकारी स्वामित्वको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा २२ बमोजिमको सहजीकरण समिति सम्झनु पर्छ।

(ज) "स्टार्टअप उद्यम" भन्नाले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम सम्झनु पर्छ र सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ।

३. **स्टार्टअप उद्यमको क्षेत्रः** (१) स्टार्टअप उद्यमको क्षेत्र अनसूची-१ बमोजिम हुनेछ।

१

# अनलाइन उद्घाटन

## सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूबाट – २०८१ भाद्र ५ गते



# सूचना प्रकाशन

२०८१ भाद्र ११ गते

(राष्ट्रिय दैनिक गोरखापत्र र

प्रतिष्ठानको वेबसाइट

www.iedi.org.np मा)

## आवेदन दिने अन्तिम मिति

## २०८१ भाद्र ३१ गते सोमवार

## स्टार्टअप उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/११**

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ को दफा ४ बमोजिम योग्यता पुरा गरेका अनुसूची–१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम कर्जा लिन इच्छुक उद्यमीहरूले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र कार्यविधिको अनुसूची–३ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । **परियोजना प्रस्ताव अनलाइनमार्फत पनि भर्न सकिनेछ ।**

परियोजना प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.iedi.org.np मा उपलब्ध छ ।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**

त्रिपुरेश्वर, काठमाडौं,

**फोन नं.** : ९७७-१-५३६१३३९, ५३६६१६२, ५३६६१६३

www.iedi.org.np


# परियोजना प्रस्ताव भर्ने व्यवस्था




- **अनलाइन** (प्रतिष्ठानको वेबसाइटमा गएर सोधिएका विवरण भरी सवमिट गर्नुपर्ने) **र**
- **अफलाइन** (प्रतिष्ठानको कार्यालयमा आई भरिएको प्रस्ताव बुझाउनुपर्ने)
- अफलाइनका लागि  विशेष दर्ता कक्ष र कर्मचारीहरूको व्यवस्था

# अनलाइन

sams.iedi.org.np



# उद्यमशीलता सम्बन्धी प्रतिष्ठानले यस आ व मा गरेका कार्यक्रमहरू






दुई ब्याचमा गरी ४७ जनालाई उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको ।

# स्टार्टअप तालिम कार्यक्रम र बुटक्याम्प







१८ जना स्टार्टअप तालिम कार्यक्रममा सहभागी

# उद्यमशीलता विकास – सचेतना कार्यक्रम २०८१ पौष ५ र पौष २२










# उद्यमशीलता सम्बन्धी प्रतिष्ठानले यस आ.व.मा भएका/हुने कार्यक्रमहरू

- गत आ.व.मा सञ्चालित उद्यमशीलता विकास तालिमका २४ जना सहभागीहरूको अनुगमन गरिएको ।
- यस आ.व. को तेस्रो र चौँथो त्रैमासिकमा उद्यमशीलता विकास तालिम हुने
- यस आ.व. को तेस्रो त्रैमासिकमा सिर्जनशील सोच भएका युवालाई व्यवसाय गर्न उत्प्रेरित गर्ने तथा हाल व्यवसाय गरिरहेका उद्यमीहरूलाई स्केलअप गर्न उत्प्रेरित गर्ने अभिमुखीकरण र बुटक्याम्प कार्यक्रम (स्टार्टअप कार्यक्रम)

# प्रधानमन्त्रीको कार्यालयमा

# समिक्षा बैठक







ICT AWARD 2024 JURY REVIEW MEETING




2nd India-Nepal Startup Connect: Curtain Raiser for Startup MahaKumbh 2025

# Dialogue Program on Agriculture and its Value Chain Organized By FWEAN








Meeting with NPEA, Invest for Impact Nepal



Meeting with The Great Nepali Diaspora



Meeting with the Deputy Mayor of Lalitpur Metropolitan City

# CELEBRATING FELLOWSHIP JOURNEY OF IMPACTS 2081, Nabil School of Social Entrepreneurship Program.








Welcoming the Vice Chair of National Planning Commission at IEDI

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

**5361339, 5361469, 5633162**

**iedied@mos.com.np**



# धन्यवाद ।